# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**
**केन्द्रीय कार्यालय (Central Office)**
हरिहरभवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस-नोट

२३ जेठ, २०७९

### संघीय संरचनामा मानव अधिकारको दृष्टिकोणबाट प्राकृतिक स्रोतको व्यवस्थापन सम्बन्धी अन्तरक्रिया

५२ औं विश्व वातावरण दिवस (जुन, ५) को अवसरमा राष्ट्रिय मानव अधिकार आयोग र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको संयुक्त आयोजनामा "संघीय संरचनामा मानव अधिकारको दृष्टिकोणबाट प्रकृतिक स्रोतको व्यवस्थापन" सम्बन्धमा अन्तरक्रिया सम्पन्न गरिएको छ । "पृथ्वीको संरक्षण, दिगो प्रकृतिमैत्री जीवनयापन" भन्ने राष्ट्रिय नारा तथा "Only One Earth" भन्ने विश्वव्यापी नाराका साथ विश्वभर मनाइएको हो ।

नेपालको संविधानद्वारा संघ, प्रदेश र स्थानीय तह गरी तीनै तहका निकायलाई प्राकृतिक स्रोतको बाँडफाँड तथा व्यवस्थापनको अधिकार प्रदान गरिएको तर अधिकारमा स्पष्टता हुन नसक्दा विवाद सिर्जना हुने गरेको छलफलको क्रममा उठाइएको छ । संविधानको प्रस्तावना, निर्देशक सिद्धान्त, मौलिक हक, राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस एवम् सर्वोच्च अदालतबाट भएका आदेशहरुलाई केन्द्रमा राखेर प्रकृतिक स्रोतको बाँडफाँड हुनुपर्ने र वातावरण संरक्षणसम्बन्धी एक स्वतन्त्र, स्वायत्त र दक्ष जनशक्तिसहितको संरचनाको निर्माण हुनुपर्ने सुझाव अन्तरक्रियाको क्रममा प्राप्त भएको छ । विकास निर्माणका नाममा प्रकृतिको अत्याधिक दोहन, गिट्टी, बालुवा, ढुंगा जस्ता प्राकृतिक श्रोतहरुको अनियन्त्रित उत्खनन, चुरे क्षेत्र दोहन, अव्यवस्थित सहरीकरण लगायतका कारण वातावरण प्रदूषण बढ्दै गइरहेको, वातावरण प्रदूषणका कारण विश्वका मानव मात्र नभई जीवजन्तु र वनस्पति समेत प्रभावित बनेको कुरा कार्यक्रममा औंल्याइएको छ । वातावरण संरक्षणसम्बन्धी कानुनहरु प्रभावकारी नहुँदा वर्तमान अवस्थामा वातावरणको अधिकारका अभियन्ताहरुको अधिकार समेत जोखिममा परेको धारणा कार्यक्रममा सहभागीहरुले राखेका छन् ।

राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष तपबहादुर मगरको अध्यक्षतामा सम्पन्न कार्यक्रममा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका माननीय अध्यक्ष बालानन्द पौडेल आयोगका माननीय सदस्यहरु, सर्वोच्च अदालतका पूर्व न्यायाधीश, आयोगका सचिव, स्थानीय जनप्रतिनिधिहरु, वरिष्ठ अधिवक्ताहरु, कानुन व्यवसायी, वातावरण विज्ञहरु, आयोगका कर्मचारीहरु तथा सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो ।

डा. टीकाराम पोखरेल
सहसचिव/प्रवक्ता


**फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल**
Phone:+977-1-5010015, Fax:+977-1-5547973, G.P.O. Box: 9181, Kathmandu, Nepal
Email:nhrc@nhrcnepal.org, Website:www.nhrcnepal.org